## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ७ (गोदावरी) संख्या : १०० मिति : २०८१/०४/२९

**भाग-१**

**गोदावरी नगरपालिका**

**कार्यपालिका बैठकबाट पारित मितिः २०८१/०४/२७**

**प्रमाणिकरण मितिः २०८१/०४/२८**

## गोदावरी नगरपालिकाको

शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ (तेस्रो संशोधन)

| साविकको व्यवस्था | | संशोधित व्यवस्था | |
|---|---|---|---|
| दफा/ अनुसूचि | विवरण | दफा/अनुसूचि | विवरण |
| | | दफा ४.(क) थप गरिएको | **४(क).बालविकास सहजकर्ता / शिक्षक स्वेच्छिक अवकास सम्बन्धी व्यवस्था**<br>१. गोदावरी नगरपालिका अन्तर्गत न्यूनतम ५ वर्ष सेवा अवधि पुगेका बालविकास सहजकर्ता/ शिक्षकहरुलाई बजेटको परिधि भित्र रही स्वेच्छिक अवकासको लागि १० दिनको सूचना जारी गरिनेछ |

गोदावरी नगरपालिका

।

२. बालविकास सहजकर्ताहरुले अनुसूची १३ मा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३. नगरपालिकाको स्वीकृत बजेट भित्र रही बालबिकास सहजकर्ताहरुलाई स्वेच्छिक अवकासका लागि अवसर प्रदान गरिनेछ ।

४. स्वेच्छिक अवकासमा जान चाहने सहजकर्ताका लागि सेवा अवधिका आधारमा देहायको मापदण्ड अनुसारको रकम उपलव्ध गराइनेछ ।

| क.सं. | सेवा अवधि | रकम रु. |
|---|---|---|
| १. | ५ वर्षपूरा भई १० वर्ष सेवा अवधि पूरा नभएका हरुको हकमा | एकलाख पचास हजार |
| २. | १० वर्षपूरा भई १५ वर्ष सेवा अवधि पूरा नभएका हरुको हकमा | एकलाख पचहत्तर हजार |
| ३. | १५ वर्षपूरा भई २० वर्ष सेवा अवधि पूरा नभएका हरुको हकमा | दुई लाख |
| ४. | २० वर्ष भन्दा बढी सेवा अवधि पूरा भएका हरुको हकमा | दुई लाख पच्चिस हजार |

५. स्वेच्छिक अवकासमा जान चाहने बालविकास सहजकर्ता मध्ये निम्न आधार भएकालाई प्राथमिकता दिइनेछ :

क) एस. ई.ई. वा सो सरह भन्दा कम (Under SEE) योग्यता भएका

ख) उच्चतम सेवा अवधि भएका ।

ग) उच्चतम उमेर भएका ।

घ) शारीरिक स्वस्थता नभएका ।

गोदावरी नगरपालिका

| | | | |
|---|---|---|---|
| | | | ङ) घरायसी समस्याको कारण देखाएमा । |
| ५(११) | शिक्षकहरुलाई स्थानान्तरण गर्दा शिक्षकहरु बीचको सहमति तथा सो हुन नसकेमा नियुक्तिको कनिष्ठतालाई आधार मानी स्थानान्तरण गर्नुपर्नेछ । शिक्षकहरुको स्थानान्तरण गर्दा अपाङ्गता भएका शिक्षक र महिला शिक्षकलाई प्राथमिकता दिनुपर्नेछ । | | हटाइएको |
| | | दफा(५ )को उपदफा (२०) थप गरिएको | उपदफा ३ र ४ मा जे सुकै उल्लेख भएता पनि आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह ( कक्षा ९-१० ) का लागि मौजुदा शिक्षक दरबन्दी न्यून रहेका कारण सेक्सन नभएका र न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) एकमुष्ट रुपमा कम्तिमा ७ ओटा दरबन्दीहरु रहन सक्नेछन । |
| | | दफा(५ )को उपदफा(२१) थप गरिएको | दरबन्दी मिलानको क्रममा शिक्षक संख्या थपघट गर्नु नपर्ने अवस्थामा समेत विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको र शैक्षिक गुणस्तर खस्कदै गएका विद्यालयहरुको शैक्षिक सुधारका लागि शिक्षकहरुलाई एक अर्को विद्यालयमा स्थानान्तरण गर्न सकिनेछ । |
| | | अनुसूचि-४(३) थप | खण्ड ३ को अन्तमा विद्यालयले पनि आन्तरिक श्रोतबाट सुविधा थप गर्न सक्नेछ । |
| | | अनुसूचि-४(३) थप | करार अवधि १ वर्षको हुनेछ । प्रक्रिय पुर्याई १/१ वर्षका लागि करार अवधि थप गर्न सकिनेछ । |

गोदावरी नगरपालिका

| | | | |
|---|---|---|---|
| अनुसूचि-४(६) | कार्य सम्पादनः नगर शिक्षा ऐन,२०७५ को परिच्छेद ९ दफा १२ को उपदफा २(१) अनुसार । | | हटाइएको |
| अनुसूचि-४(७) | पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ दिनभन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा , सन्तोषजनक सेवा दिन नसकेमा, अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टी गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भइ वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उलंघन गरेमा दोस्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन । | | दोस्रो पक्ष बिना सूचना लगातार ७ दिन भन्दा बढी विद्यालयमा अनुपस्थित रहेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाही रुपमा कट्टी गरिनेछ । साथै बिना सूचना १५ दिनभन्दा बढी अनुपस्थित रहेमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उलङ्घन गरेमा पहिलो पक्षले सफाइको मौका दिनेछ र सन्तोषजनक नदेखिएमा यो सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन । |
| अनुसूचि-४(८) | दाबी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन । | | हटाइएको |

# अनुसूची १३

(दफा ४ (क )संग सम्बन्धित)

## स्वेच्छिक अवकासमा जान चाहने सहजकर्ताले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गोदावरी नगरपालिका अत्तरिया, कैलाली ।

विषयः स्वेच्छिक अवकास सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा गोदावरी नगरपालिकाको मिति को स्वेच्छिक अवकास सम्बन्धमा प्रकाशित सूचना बमोजिम म स्वेच्छिक अवकासका लागि इच्छुक भएको हँदा निम्न विवरण सहित यो निवेदन पेश गर्दछु ।

१. पूरा नामथर............................
२. ठेगाना..................................
३. जन्म मिति.......................
४. वालविकास केन्द्र रहेको विद्यालय/ समुदाय.................
५. नियुक्ति मिति...........................
६. शैक्षिक योग्यता............................
७. स्वेच्छिक अवकास लिन चाहेको कारण.............................
८. निवेदकको हस्ताक्षर.....................
९. मिति.............................
१०. सम्पर्क मोवायल नम्बर...................
११. संलग्न कागजातहरु.............................

क) स्वेच्छिक अवकास सम्बन्धी विद्यालयको सिफारिस पत्र
ख) नियुक्ति पत्रको प्रतिलिपि
ग) नागरिकताको प्रतिलिपि

| औंठा सहीछाप | |
|---|---|
| दाँया | बाँया |

**आज्ञाले,**

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/०४/२९